
# पुस्तक समीक्षा ‘भुइयाँ’




अमु शाक्य
कक्षाः ९ ‘सैपाल’
क्रमाङ्कः २७०२१

पुस्तक  परिचय
विधा - कथा सङ्ग्रह
नाम - भुइयाँ
लेखक - यज्ञश
प्रकाशक - फाइनप्रिन्ट

भुइयाँमाथि मेरो दृष्टि

स्मृतिबाट सबै सुखका दिन गायब भए भने कति छटपटी होला *?* तर यहाँ त गायब हुनलाई त्यस्तो स्मृति नै छैन *!*

कथाकार यज्ञशद्वारा लिखित यस पुस्तकमा सीमान्तकृत व्यक्तिहरूको कथालाई आख्यानशिल्पका रूपमा प्रस्तुत गरिएको छ । यस पुस्तकको सर्वाधिकार लेखकमा निहित छ । यस पुस्तक फाइनप्रिन्ट बुक्सद्वारा प्रकाशनमा आएको हो । अनुक्रमणीताको सन्दर्भमा यस पुस्तकमा जम्माजमी ११ कथाहरू भेटिन्छन् । ती कथाहरू हुन्ः तातो कराही, पार्वती राजीको एकान्तवास, मछेलीः एक प्रेमकथा, काँसघारीकी दुर्गा, श्रीलङ्का खोलामा तारा, गङ्गामाया बानियाँको साबिती, एक्लो ढुकुरको कथा, आन्दोलन! आन्दोलन!! आन्दोलन !!!, चन्द्रेश्वरी सदाका कुलदेवता, राती उड्ने पुतली र औसत जीवनका लागि सङ्घर्ष । भिन्नभिन्न आञ्चलिकता बोकेका यस कथा सङ्ग्रहका कथाहरूमा मौलिक उत्सवहरू भेटिन्छन् ।

जब पृष्ठभूमिमा प्रवेश गरिन्छ, कथात्मक पारामा पृष्ठभूमि मुखरित छ । पृष्ठभूमिमा राजनीतिक, ऐतिहासिक एवं प्रशासनिक कुराहरूको वर्णन भेटिन्छ । मूलतः पृष्ठभूमिबाट आन्दोलनमा महिलाहरूको ज्यादा सहभागिता, जङ्गबहादुर राणाको अस्वाभिमानी प्रवृत्ति, झाँसीकी रानीको भारतमा योगदान आदि प्रमुख कुराहरूको ज्ञानार्जन गर्न सकिन्छ ।

तातो कराहीः

“पढाइ दाइजो तौलिने ब्यारोमिटर हो”, यस कथामा कथाकार यज्ञशले पढाइ र विवाहको प्रसङ्गलाई ल्याएका छन् । सलमा बेहेना आफ्नो छोरीलाई धेरै पढाउन चाहन्थिन् तर धेरै पढेकी छोरीलाई धेरै पढेको छोरासँग नै विवाह गर्नुपर्छ भन्ने मान्यता थियो । धेरै पढेको केटाले लिन दाइजो पनि धेरै नै हुन्थ्यो । त्यसैले यसमा तराई समुदायमा पढाइ र विवाहको अन्तर्सम्बन्धलाई दर्साइएको छ । यसै क्रममा सलमा बेहेनाले पढाइलाई दाइजो तौलिने ब्यारोमिटरको रूपमा बयान गरेका छन् ।

“हैरानी त जीवनमा कहिले पो छैन र, तर यो त आउने जाने रहेछ, आत्तियो भने मात्रै यो बसिरहने रहेछ । आत्तिएन भने जाने रहेछ ।” तातो कराही कथाबाट साभार गरिएको यस भनाइमा

पिछडिएका र अशिक्षित सलमा बेहेनाको वैचारिकता र बुद्धिमत्तालाई यस भनाइले पुष्टि गरेको छ । सलमाको जीवन निकै कष्टपूर्वक र उत्पीडनले टनाटन थियो तर पनि हैरानी आउने जाने नै हो भनेर एक शिक्षित व्यक्तिको महान् आदर्शको अनुशरण गर्थिन् । आफू अशिक्षित भए तापनि एक महान् आदर्शको अनुयायी भएका कारण नेपालका सीमान्तकृत मुस्लिम समुदायको एक दृष्टान्त सलमा बेहेनालाई मान्न सकिन्छ ।

यस कथामा उमेर नपुग्दै सन्तान गुमाएका अब्दुल रहमानजस्ता पात्रहरू छन्, कृषिमा निहित हकको निम्ति आवाज उठाउँदा प्राप्त जमिनसमेत गुमाउने सलमा बेहेना जस्ता थुप्रै किसान, मजदुरहरू छन् । यहाँ नेपाली भाषाको आञ्चलिकता छ, जुँगे महादेवको कथा छ र अन्य थुप्रै पात्रका सन्तापले भरिएका कथाहरू भेटिन्छन् । विशिष्ट रूपमा सलमाको सङ्घर्षलाई यस कथाले आलोकित गरेको छ । सलमा पारिवारिक र सामाजिक रूपमा अभिभूत थिइन् । नेपालगञ्जको उष्ण ठाउँमा विषालु सर्पले उनको छोरालाई देहान्तमा पारेको हुनाले उनी सन्तानहीन बनेकी थिइन् । जसले उनी पारिवारिक दृष्टिले अभिभूत हुने कुराको पुष्टि गर्छ । सलमा माओवादीमा लागेका कारणले र ठुलो जातकी भएर सानो जातसँग विवाह गरेका कारणले समाजको लाञ्छना सुन्नुपर्ने हुनाले उनी सामाजिक दृष्टिकोणले समेत अभिभूत थिइन् । यसका साथै दाइजो प्रथा, सामाजिक दृष्टि, आन्दोलन जस्ता कुराहरू पनि यस कथामा आएका छन् ।

पार्वती राजीको एकान्तवासः

'जङ्गल हरियो छ, घरको भुइँ हरियो छ, तर जीवनमा कुनै हरियाली छैन । उजाड, उदास हिउँद जस्तो एकनास जीवनमा कुनै रस छैन ।' 'यो घरमा आएको अलिदिनमा म गर्भवती भएँ । जमिनदारले दिने धान सकिँदै थियो । मेरो पेट बढ्दै थियो सँगै चिन्ता पनि बढ्दै थियो । जति जति बच्चा जम्मिने दिन नजिकिँदै थियो, त्यति त्यति भएको धान सकिँदै थियो ।' 'स्मृतिबाट सबै सुखका दिन गायब भए भने कति छटपटी होला तर यहाँ त गायब हुनलाई त्यस्तो स्मृति नै छैन ।'

माथि प्रदत्त भनाइ मन छुने र समाजको यथार्थलाई शब्दमार्फत पाठकलाई सहज ढङ्गमा बुझाउने बर्कत लिएका सशक्त भनाइहरू हुन् । पाठमा रहेका यी भनाइले पाठक भावविह्वल होला, दार्शनिक होला तर सोही पीडाको असली अर्थ विवशपूर्वक अवलम्बन गरिरहेकाहरूलाई मात्र थाहा हुन्छ । यस पाठमा त्यही पीडालाई प्रस्तुत गरिएको छ । मुख्यतः राजी जातिका तथा त्योभन्दा पनि सीमान्तकृत दलित समुदायहरूको कथा पनि यसमा उनिएका छन् । यसका साथै, यस

कथामा, जन्मिनेबित्तिकै सन्तान गुमाएका पार्वतीजस्ता पात्र छन्, हरियो जङ्गलमा उजाड र त्रासदीपूर्ण जीवन बिताउन विवश राजी जातिका उजाडिएका कथाहरू जोडिएका छन् । सुखको स्मृति नभएका राजी र दलित समुदायका पात्रहरू छन् र निवर्तमान समयको कुरूप राजनीति यस ऐतिहासिक, राजनीतिक र अन्धविश्वासका जरा गाडेका पात्रहरूका दिनका उज्यालाभन्दा रात्रिकालीन निशातुल्य जीवनशैली उनिएका छन् ।

“मानिसले आफ्ना लागि खोजेको सबैभन्दा ठुलो आविष्कार नै भगवान् हो । भगवान् दोस्रो कुनै खोज छ भने त्यो बाच्ने उपायको खोज हो ।”

राजी समुदायका व्यक्तिहरू मौसमअनुकूल हुन जानिसकेका थिए । चिसोले कठ्याङ्ग्रिने जाडो र मरुभूमिमा लाग्नेजस्तो गर्मीमा पनि उनीहरू बाच्न तत्पर थिए । त्यही नै बाँच्नका लागि राजी समुदायले निकालेका अनेकौँ उपायहरू थिए ।

मछेलीः एक प्रेम कथाः

“खै किन हो”,यस्ता सीमाका सहरमा आइपुग्दा सिन्धुपाल्चोक र नुवाकोटतिरका अबोध केटीहरूलाई सम्झिन्छु, जसलाई ललाईफकाई बम्बै पुऱ्याइन्छ । यी सहर देशका मात्र सिमाना होइनन्, जीवन र भविष्यका पनि सिमाना हुन् । कसैलाई सीमा फलिफाप त कसैको सीमा काटे नरकवास ।”

यस भनाइमा लेखकको प्रत्यक्ष अनुभूति भेट्न सकिन्छ । मूल रूपमा मानव र बालबालिका बेचविखनको सन्दर्भलाई प्रकाश पारिएको छ । त्यो सिमाना काटे बेचविखन गर्नेलाई वैभवको फलिफाप हुन्छ भने बालबालिका एवम् बेचिएका मानिसहरूको प्राणोत्सर्ग हुन्छ । जुन वास्तविक सत्यलाई यस कथामार्फत उजागर गरिएको छ ।

पार्वती डगौराले भोगेका कष्ट, उत्पीडन र त्यस उत्पीडनसँग लड्ने क्रममा गरेको सङ्घर्षलाई यस पाठमा आलोकित गरिएको छ । पहिला उनको एक जडियाँसँग विवाह भएको थियो । पहिलो विवाहका केटा चौधरी समुदायबाट थिए । चौधरी समुदायमा गरिनुपर्ने नित्यकर्मसम्बन्धी पार्वती अवगत थिइनन् । त्यसैले पहिलो श्रीमानसँग सम्बन्ध रहेन । सासुससुराको सङ्कीर्णताले पनि सम्बन्ध छुट्याउन भूमिका खेलेका थिए । पछि विश्वासको सम्बन्ध राख्न चुके पात्रको प्रवेश हुन्छ । औपचारिक विवाह नभए तापनि सामाजिक लोकलाञ्छना दुवैले सुन्नुपर्थ्यो । पार्वतीमा

नैराश्यको भाव पलाउथ्यो तर चुकेले निराश नहुन अनुनय गर्थ्यो र सङ्घर्षको जीवनपछि उनीहरूका जीवनमा निकै परिवर्तनहरू आउँन थाले । पहिला जुन हातले वस्त्रहीन पारिएको थियो, त्यही हातले नमस्कार गरियो । सङ्घर्ष नै जीवनको पाठ हो भनेर यस कथाका ज्वलन्त पात्र चुके र पावर्तीले सिकाएका छन् ।

काँसघारीकी दुर्गाः
यस कथामा बाढीले खेत लगेको पात्र दुर्गा भट्ट र उनकी छिमेकी उमादेवी मगर देखाइएको हुन्छ । उनीहरूको खेत बाढीले लग्दा उनीहरूको पारिवारिक आर्थिक उपार्जन र एक गाँस छाक खान मुस्किल भएको अवस्थालाई यस कथाले कथात्मक ढङ्गले प्रस्तुत गरेको छ । बाढीले खेत लग्दा, आफूले धान रोपेर गरेको मिहिनेत तहसनहस हुँदा हृदयमा लाग्ने चोटको बारेमा यस कथाले पाठकलाई सोचमग्न बनाउँछ ।

श्रीलङ्का खोलामा ताराः
“फलामको स्वाद लोहारलाई होइन
त्यो घोडालाई सोध
जसको मुखमा लगाम लगाइएको छ ।”
निशाको समयमा उज्यालोको प्रतीक्षामा रहेकी पात्र तारा विक यस कथाकी मुख्य पात्रको रूपमा आएकी छन् । यस कथामा मुख्यतः आधुनिकीकरणको प्रभाव, सत्तासीन र अकिञ्चनको सन्तानप्रति ममता, दरिद्र र सीमान्तकृत व्यक्तिहरूको हकअधिकार, आदिमा केन्द्रित रहन्छ । डिभीडीलाई पेनड्राइभ र  मेमोरी कार्डले विस्थापित गरेको सन्दर्भमा आधुनिकीकरणको प्रभावलाई आलोकित गर्छ । छोरालाई भारतमा भाँडा माँझ्ने काम गर्नुपरेकाले तारा अभिभूत हुन्थिन्, त्यस सन्दर्भमा सत्तासीन व्यक्तिहरूले सन्तानप्रति गरिने माया र एक गरिबले सन्तानप्रति गरिने ममतामा कुनै भिन्नता नभएको विषयवस्तु प्रस्तुत भएको छ । जङ्गल फँडानी गरी दाउरा बेची धनी हुने वैभवशाली व्यक्तिहरूलाई कुनै कानुन नलाग्ने र गरिबले भात पकाउनको लागि दाउरा नपाएको सन्दर्भमा गरिबको हक र अधिकारको कुरा प्रतिबिम्वित हुन्छ । अन्ततः, तारा विकजस्ती निशाको समयमा उज्यालो पर्खिरहेकी सीमान्तकृत व्यक्तिहरूका अधुरा सपनालाई यस कथामार्फत प्रस्तुत गरिएको छ ।

गङ्गामाया बानियाँको साबितीः

यो कथा अन्धविश्वासले रोपेको जरा, शिक्षाको महत्त्व, पारिवारिक कूटनीति, गरिबको सङ्घषमय जीवनको सफलता आदि सारहरूको सम्मिश्रित विशिष्ट कथा हो । छोरीले पढे बिग्रिने, पोइलो जाने जस्ता विकट स्थानका अन्धविश्वासका कुराहरू यस कथामा आएको छ । गङ्गामाया इच्छा विपरीत आफ्नै दिदीले ३३ वर्षको केटासँग विवाह गराउने विषयवस्तुले पारिवारिक कूटनीतिलाई दर्साउँदछ । गङ्गामायाले जीवनोपयोगी शिक्षा हासिल गरी उनले अन्त्यमा सफलता प्राप्त गरेकी थिइन् र अन्त्यमा उक्त आठ कट्ठा जमिन उनको नाममा दर्ता भयो । त्यसले उनको परिवारमा हर्ष छाएको थियो । गङ्गामायाले आफ्नो सङ्घर्षले पाएको यस सफलताले सङ्घर्ष गर्नको निम्ति एक प्रकारको हौसला पनि प्रदान गर्छ ।

एक्लो ढुकुरको कथाः

चेतना मानवको सबैभन्दा ठूलो हतियार हो, जसका कारण ऊ अन्य प्राणीहरूभन्दा उच्च मानिन्छ तर अरू प्राणीहरूमा पनि भावनात्मक उदारतामा कम छैनन् । बरु मानिस आफ्नो क्षणिक स्वार्थ र स्वादे जिब्रोको लागि जुनै पनि हिंसात्मक कार्यको निम्ति अघि सर्छ । चेतना र भावनात्मक उदारताको व्यवहार यस कथामा ढुकुरले प्रदर्शन गरेको छ । ढुकुरलाई वास्तवमा कृतघ्न पङ्क्षी मानिन्छ तर यस कथामा देखाइएको ढुकुरले सिकिस्त बिरामी महिलाको ज्यान जोगाएको छ र यही ढुकुरको उदारताको भावनाले कृतघ्न ढुकुर मानिने मानिसको दृषिकोणलाई नकारेको छ । त्यसैले यस कथामा देखाइएको ढुकुरलाई अलौकिक ढुकुर मानिन्छ ।

आन्दोलन **!** आन्दोलन **!!** आन्दोलन **!!**

पीडाले भरिपूर्ण सुस्केराहरूको सम्मिश्रित आन्दोलन, जुन कुनै सत्ता र शक्तिको प्राप्तिका लागि नभई औसत जीवनयापनका लागि हुन्छन् । उक्त थारू र मुसहर समुदायको आन्दोलनलाई यस कथाले दर्साएको छ । आन्दोलनमा सावित्री चौधरी र सुलोको सङ्घर्षलाई प्रकाश पारिएको छ । यस कथामा गर्भवती रहँदा आन्दोलनमा केटाहरूले बच्चालाई मारेको सदाजस्ती पात्र छ, थारू र मुसहर समुदायको उत्थानको लागि आवाज उठाउने सावित्री र सुलो जस्ता पात्र छन्, आन्दोलनमा 'निर्दोषीलाई आक्षेप लगाई दोषीलाई कृत्रिम खबरले कारबाही मुक्त गर्ने माथिल्लो सरकारी पदका मानिसहरू छन् र शिक्षाआर्जन गर्न नपाएका बिचल्ली विद्यार्थीहरू छन् र अन्त्यमा थारू र मुसहर समुदायद्वारा गरिएको आन्दोलनले सफलता पाउँछ । सामान्य जीवनयापनको लागि नै आन्दोलन गर्नुपर्ने अवस्थाले सत्तासीन र उच्च जातका मानिनेहरूले

कमजोर वा सीमान्तकृत समुदायकालाई दमन गरी राखेको कुरा यस कथाले सामाजिक वास्तविकतालाई दर्साउँछ ।

राती उड्ने पुतलीः
आफ्नो अभिलाषा विपरीत परिवारले जबर्जस्ती विवाह गर्न लगाएको पात्र पुतली यस कथामा नृत्यमग्न छ । उक्त विवाह बालविवाह पनि थियो । उक्त विवाह पुतलीको इच्छाबमोजिम नभएकोले राती उनी श्रीमान्को घरबाट माइती जानुपर्दथ्यो र कसैले थाहा नपाई सुत्ने र भाले कराएपछि उठेर आफ्नो घर जाने उनको दिनचर्या जस्तै भइसकेको थियो । एक दिन त्यो कुरा सर्वविदित भएछ र उनले दोस्रो विवाह गरिन् । १४ वर्षको प्रारम्भिक बालविवाह पछि १८ वर्षको दोस्रो विवाह पुतलीको इच्छाबमोजिम नै थियो । अन्य कथाहरूमा जस्तै यस कथाको कथावस्तु पनि ऐलानी जग्गासम्बन्धी नै छ । भिन्न यति मात्र छ, अरू कथाहरूमा ऐलानी जग्गा आफ्नो नाममा दर्ता हुँदैन तर यस कथामा पुतलीको नाममा जग्गा दर्ता हुन्छ । मूलतः यो कथाले बालविवाहको प्रसङ्गलाई अगाडि ल्याएर विकट स्थानको अन्धविश्वासका जीवनपरक यथार्थलाई आलोकित गर्छ ।

औसत जीवनका लागि सङ्घर्षः
यो पाठ एक कथामा मात्र सीमित छैन । अघिल्ला पाठहरूमा विविध सङ्घर्षका कथाको यो पाठ एक उपसंहार हो । हालैको स्थितिसम्म आइपुग्दा पनि धेरै पीडित एवम् सीमान्तकृत व्यक्तिहरूले अभावको पथलाई छेक्न नसकेको कुरा यहाँ देखाइएको छ । ती पिछडिएका समुदायहरूलाई रातारात सफलता पाउने अपेक्षा त छैन तर सङ्घर्षको प्रतिफलको आशा अवश्य छ ।

आलोचनात्मक विश्लेषण तथा सिफारिस
यस कथासङ्ग्रहका प्रत्येक कथा भावुक तुल्याउने कथाहरू नै छन् । यस पुस्तक अध्ययन गरेपछि भावुक भावको पनि अनेकौँ प्रकारसँग मिल्ने स्वर्णिम अवसर मैले पाएँ । मैले पढेका अरू पुस्तकभन्दा अलि भिन्न कथावस्तु बोकेको पुस्तक रहेछ यो भुइयाँ । यो पुस्तक देश र समाजको बिम्ब हो । जसरी हवाईजहाजलाई जुन पनि स्थानमा अवतरण गर्नु पाइलटको क्षमता हुन्छ त्यसरी नै कथालाई अनेकौ प्रसङ्ग जोडी एउटै मोडमा ल्याई अवतरण गर्नु सर्जकको विशिष्ट गुण रहेको छ । विशेषतः यो पुस्तकको मूल सार आन्दोलन हो । यस्तो आन्दोलन जुन कुनै सत्ता र

सामर्थ्यको लागि होइन, औसत जीवनयापनका लागि गरिन्छ । यस पुस्तकले त्यस्ता आन्दोलनमा संलग्न महिलाहरूको कथा कहन्छ, जुन हाम्रो समाज रूपान्तरणका कथा पनि हुन् । लेखक यज्ञशको उद्देश्य पनि यही हो भन्ने मेरो बुझाइ हो ।

राम्रो पक्षका लागि यो पुस्तक वाञ्छनीय छ यद्यपि पुस्तकमा आलोचना गर्ने वस्तुहरू पनि भेटिन्छन् । पुस्तक पढ्दै गर्दा मैले भेटेँ, कथाहरूमा व्यङ्ग्य गर्न वाञ्छनीय व्यक्ति, समुदाय, धर्म र जातिको विषयलाई लेखकले नाम तोकेर नै नकारात्मक पक्षलाई अगाडि ल्याएका छन् । यज्ञशका आउँदा पुस्तकहरूमा कुनै जाति, धर्म, समुदाय आदिको व्यङ्ग्य गर्नु परेमा नाम तोकेर नभई व्यङ्ग्य गर्न वाञ्छनीय विशेषतालाई समेटेर व्यङ्ग्य भएका घटनाहरू समेटिने अपेक्षा गर्दछु । यतिमा मात्र समालोचना सीमित छैन । धेरै जसो कथाहरूमा कथाका घटनाक्रमसँग मिलेको शीर्षक छ तर अधिकांश कथाहरूमा शीर्षकअनुरूप कथाहरू नभएको र शीर्षकअनुरूप घटनाक्रम थोरै मात्र प्रस्तुत भएको देखिन्छ । यसको मुख्य उदाहरण “एक्लो ढुकुरको कथा” लाई लिन सकिन्छ । यज्ञशका आउँदा पुस्तकमा प्रदत्त मेरा दृष्टिकोणबाट गरेका समालोचना एवम् आलोचनामा सुधार आउने अपेक्षा गर्दछु ।

यो पुस्तक सिफारिस गर्नुपर्ने सम्बन्धमा, युवापुस्तालाई सिफारिस गर्न उपयुक्त देखिन्छ । पुस्तकको भाषाशैली र प्रदान गर्न खोजेको सन्देशको कुरा गर्ने हो भने यो पुस्तक बालबालिकाको लागि निकै कठिन छ । पुस्तकसँग युवापुस्ताले यस पुस्तकमा दिन खोजेको सन्देश सरल रूपमा बुझ्ने छन् । साथै दिन खोजेको सन्देश पनि युवावर्गको निम्ति उपयुक्त हुने देखिन्छ ।